# ८ पवित्र आत्माका बरदानहरु

***यस अध्यायका मूल पदहरू:*** १ कोरन्थी १२:४-७,११, एफिसी ४:७, १ कोरन्थी १२:१४-३१, रोमी १२:३-८ र १ यूहन्ना ४:१-३।

***यस अध्यायको सम्झनुपर्ने मूल पद:*** "विभिन्न खालका बरदानहरू छन्। तर ती सबै एउटै आत्माले दिएका बरदान वा प्रतिभाहरू हुन्। विभिन्न तरिकाले मानिसहरूको सेवा गर्न सकिन्छ। तर ती सबै एउटै प्रभुबाट आएका हुन्। काम गर्ने तरिकाहरू पनि विभिन्न छन्। तर ती सबै विभिन्न थोकहरू हामीमा हुने क्षमता त्यही परमेश्वरद्वारा सम्भव भएको हो।" (१ कोरन्थी १२:४-६ रूपान्तरित)।

एक जना व्यापारी आफ्नो कारोबारको क्रममा धेरै टाढा गएका थियो। उसले आफ्नो कामको जिम्मेवारी आफ्नो छोरालाई सुम्पेर गयो। आफू गएको बेलामा बिशेष काम गर्न आफ्नो छोरालाई उसले अऱ्हायो। तर आफूलाई चाहिने पैसा र आवश्यक सामानहरू बाबुले छोडेर गएन। आफूसँग पैसा र साधन नभएकोले बाबुले दिएको काम पूरा गर्न नसकेर ऊ बिचलित भयो र बाबुले दिएको काम वाध्यता भएर गर्न सकेन।

त्यही प्रकारले, येशू आफ्ना चेलाहरूलाई छोडेर स्वर्गमा उहाँका पिताकहाँ जानुभयो। उहाँले आफ्ना चेलाहरूलाई बिशेष काम गर्न जिम्मा लगाउनुभएको थियो। उहाँले सारा संसारमा गएर सुसमाचार सुनाउन र उहाँले सिकाएका विद्याहरू सिकाउन अऱ्हाउनुभयो। तर येशूले आफ्ना चेलाहरूलाई बिना सहायता छोड्नुभएन। उहाँले अऱ्हाउनुभएको काम फत्ते गर्न चेलाहरूलाई सक्षम् बनाउनुभएको थियो। उहाँले पवित्र आत्माको शक्ति र सहयोगले उहाँको नाउँमा सुसमाचार सुनाउन तिनीहरूलाई अऱ्हाउनुभएको थियो। १ कोरन्थी १:४-७मा पावलले परमेश्वरलाई यसरी धन्यवाद दिन्छन्, "१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित हुनलाई बोलाइएका पावल र हाम्रो भाइ सोस्थेनेसबाट, २ कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरूका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरू सबैलाई, जसले प्रभु येशू ख्रीष्टका नाउँको पुकारा गर्दछन्, जो तिनीहरू र हाम्रा प्रभु हुनुहुन्छः ३ परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट

तिमीहरूलाई अनुग्रह र शान्ति। ४ ख्रीष्ट येशूमा तिमीहरूलाई दिइएका परमेश्वरका अनुग्रहको कारण तिमीहरूका निम्ति म परमेश्वरमा सधैं धन्यवाद चढ़ाउँछु।' हामीलाई चाहिने आत्मिक बरदान ख्रीष्टले दिनुहुन्छ भनेर हामीले सम्झनुपर्छ। ती बरदानहरू उहाँले पवित्र आत्माबाट पाउँछौं। ती बरदानहरू चर्चलाई बलियो बनाउन ख्रीष्टले हामीहरूलाई दिनुहुन्छ।

परमेश्वरका उल्लेखनीय बरदानहरू हामीलाई दिने सर्वोच्च दाता पवित्र आत्मा कसरी हुनुभएको छ भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं। पवित्र आत्माको फल र पवित्र आत्माका बरदानहरूको बीचमा के भिन्नता छ सो यस अध्ययनमा नियाल्नेछौं।

## १. पवित्र आत्माको फल र पवित्र आत्माका बरदानहरू (१ कोरन्थी १२:४-७,११)

पवित्र आत्माको फल र पवित्र आत्माका बरदानहरूका स्रोत एउटै हुनुहुन्छ त्यो परम पिता परमेश्वर आफै हुनुहुन्छ। तर पवित्र आत्माको फल र पवित्र आत्माका बरदानहरू एउटै होइन। पवित्र आत्माको बरदान मैले पाएको छु भनेर सार्वजनिक रूपमा घोषणा गर्न कसैलाई अऱ्हाइएको छैन। तर येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक जनले पवित्र आत्माको फल देखाउन जिकिर गरिएको छ। याद गर्नुहोस्, पवित्र आत्माबाट बरदानहरू पाइयो भन्दैमा त्यो बरदान पाएको व्यक्ति आत्मिक हुनुपर्छ भन्ने छैन। तर पवित्र आत्माको फलले कोही मानिस सुसज्जित हुन्छ भने त्यो आत्मिक वा धर्मी व्यक्तित्व हुन्छ। (कोही ब्यक्ति येशूको नीतिमा चलेको छ त्यसले पवित्र आत्माको फल देखाइ छोडेको हुन्छ)। पवित्र आत्माका फलहरू भनेको छैन तर पवित्र आत्माको फल भनिएको छ अर्थात् केवल एउटामात्र फल। तर पवित्र आत्माका धेरै बरदानहरू छन्। ती बरदान, प्रतिभा वा दक्षताहरूमा कुनै कम मूल्यको हुन्छ भने कुनै ठूलो मूल्यको हुन्छ।

पावलले १ कोरन्थी १२:४-७,११मा सिकाएका आधारभूत अर्थ के हो? हेर्नुहोस्ः "४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र

आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएको छ, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।"

आफ्ना जनहरूको जीवनमा पवित्र आत्माको फलको सबै भागहरू देखावस् भन्ने रुपरेखा उहाँले तयार पार्नुभएको थियो। तर प्रत्येक विश्वासीलाई एउटै खालको बरदान दिइएको हुँदैन। येशूलाई विश्वास गर्ने सबैको एउटै खालको बरदान हुनुपर्छ भन्ने कुनै नीति छैन। सबैमा विभिन्न भाषाहरू बोल्ने बरदान हुनुपर्छ भन्ने छैन। बरू परमेश्वरले नै चाहेका आफ्ना विश्वासीहरूलाई बिभिन्न बरदानहरू उहाँकै मर्जी अनुसार दिनुहुन्छ। र हामीले अरूको सेवा गर भनेर परमेश्वरले बरदानहरू दिनुहुन्छ। हामीले पाएका ती बरदानहरू चर्चको उन्नतिको निम्ति प्रयोग गर्नुपर्छ। हामीहरूकै भाऊलाई उच्च पार्न, हामीहरूले सम्मान पाउन र आनन्द मनाउन ती बरदानहरू परमेश्वरले दिनुभएको होइन। तर उहाँको काम अघि बढोस् भनेर ती बरदानहरू हामीलाई दिइएको हुन्छ।

तर आत्मिक बरदानहरू पवित्र आत्माको फलबिना बेकारको हुन्छ। पावलले जब जब आत्मिक बरदानको बारेमा उल्लेख गर्छन् तब तब प्रेमलाई पनि समावेश भएको तथ्य रोचक छ। उदाहरणमा, पावलले १ कोरन्थी १२मा आत्मिक बरदानहरूको बारेमा चर्चा गर्छन् भने त्यसको लगत्तै पछि अध्याय १३मा प्रेमको बारेमा उत्कृष्ट रूपमा व्याख्या गरेका छन्। त्यही प्रकारले एफिसी ४:११-१३मा परमेश्वरले चर्चलाई दिनुभएको बरदानहरूको बारेमा उनले चर्चा गर्छन् भने पद १५ र १६मा ती बरदानहरू दिएको कारण प्रेम हो भनेर उल्लेख गर्दछन्। पावलले पवित्र आत्माको बरदानको बारेमा रोमी १२:४-८मा उल्लेख गर्दछन् भने पद ९ र १०मा प्रेमको बारेमा बोल्दछन्।

हामीले जे बरदानहरू पाउँछौं ती अनुग्रहको कारणले हुन्। अर्को शब्दमा भन्ने हो भने ती प्रेमका बरदानहरू हुन्। परमेश्वरले हामीलाई प्रेम गर्नुभएकै कारणले हामीहरूलाई बरदानहरू दिनुहुन्छ। अरूलाई हामीहरूले उहाँको प्रेम बाँडोस् भनेर ती बरदानहरू उहाँले हामीलाई दिनुहुन्छ। त्यसको अर्थ अरूलाई हामीले प्रेम गर्नै पर्छ। यदि हामीले प्रेम गऱ्यौं भने हामीले तिनीहरूलाई परमेश्वरको प्रेम देखाउन सक्षम् हुन्छौं।

हामीहरूको परमेश्वर प्रेमिलो र सर्वज्ञानी हुनुहुन्छ। उहाँले अऱ्हाउनुभएको काम गर्न परमेश्वरले आफ्ना जनहरूलाई चाहिने कुराहरू दिनुहुन्छ। हामी सबैलाई प्रेमको खाँचो भएकै कारणले प्रेम सबै बरदानहरूमा उच्च बरदान हुनगएको हुनसक्छ (१ कोरन्थी १३:१३)।

हामी येशूभक्त हौं भनेर दावी गर्ने सबैमा प्रेम हुनु किन आवश्यक छ? प्रेमले गर्दा नै अरूलाई गवाही दिन कसरी सक्षम् बन्दछौं?

## २. सबै आत्मिक बरदानहरू दिने महान् दाता परमेश्वर नै हुनुहुन्छ (एफिसी ४:७)

हामीमा कस्तो खालका बरदानहरू छन् भनेर हामी निर्णय गर्दैनौं। ग्रीक भाषामा पवित्र आत्माको बरदानलाई *च्यारिस्माता* (*charismata*) भनिन्छ। पवित्र आत्माका बरदानहरू भनेको अनुग्रहको बरदान हुन् भनेर त्यस शब्दले बुझाउँछ। अर्थात् परमेश्वरको दया र क्षमाशीलताको स्वभावले गर्दा हामीहरूले उहाँका बरदानहरू पाउँछौं। परमेश्वर आफैले ती बरदानहरू हामीलाई दिनुहुन्छ। हामीहरू को हौं, कुन् जात, देशका, वर्गका, लिङ्गका वा धर्मकाको आधारमा हामीले ती बरदानहरू पाउँदैनौं न त हामीले कुनै असल काम गरेकै आधारमा पवित्र आत्माको बरदान हामी पाउँछौं। तिनीहरू हामीहरूको कामले आर्जन नगरेको भएर *बरदान वा उपहारहरू हुन्।* परमेश्वरको प्रेमिलो स्वभावले गर्दा ती उपहारहरू हामीलाई दिएका हुन्। ती बरदानहरू हामीलाई यसकारण दिइएका छन् कि उहाँले हामीलाई सुम्पन्नु भएको काम हामीले गर्न सक्षम् हुनसकौं।

प्रायजसो हामीले पाउने आत्मिक बरदानहरू पवित्र आत्माबाट मात्र उपलब्ध गराइएका हुन् भनेर सोच्दछौं। तर प्रेरित पावलले ती बरदानहरू हामीहरूले पाउनमा येशू ख्रीष्टलाई पनि गाँसिदिएका छन्। पवित्र आत्माका बरदानहरू उपलब्ध गराउनेहरूमा येशू ख्रीष्ट पनि संलघ्न हुनुभएको छ भनेर पावलले एफिसी ४:७ले कसरी देखाउँछन्? हेर्नुहोस्: " तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ।'

प्रभु येशूको अनुग्रहले हामीहरूलाई आत्मिक बरदानहरू पाउन सम्भव हुन गएको हो भनेर पावलले भन्दछन्। तर चर्चका सदस्यहरूलाई ती बरदानहरू बितरण गर्नेमा पवित्र आत्मा हुनुहुन्छ। ती बरदानहरू उचितरूपमा उपभोग गर्न हामीले येशू ख्रीष्टलाई हामीहरूको व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्नुपर्छ। हामीले उहाँलाई विश्वास गर्नै पर्छ। अनि मात्र पवित्र आत्माले

निर्णय गर्नुभएको अनुसार हामीहरूलाई बरदानहरू दिनुहुन्छ (१ कोरन्थी १२:११)। त्यसकारण, कुनचाहीँ बरदानहरू हामीहरूले पाउने हो भनेर निर्णय गर्न हामी होइन परमेश्वरले मात्र गर्नुहुन्छ।

मानिसहरूमा भएका स्वभाविक प्रतिभा वा दक्षता आत्मिक बरदान होइन। कडा परिश्रम र लामो अध्ययनले पाएको दक्षता वा स्वभाविक प्रतिभा पवित्र आत्माको बरदान होइन। येशूलाई विश्वास नगर्ने कतिपय मानिसहरूलाई पनि परमेश्वरले स्वभाविक दक्षता वा प्रतिभाले सुसम्पन्न गराउनु भएको छ। याकूब १:१७मा हामीलाई यसरी ठोकुवा गरेर भनिएको छ कि प्रत्येक असल र शिद्ध बरदान परमेश्वरबाट नै आउँछ। तर उहाँका जनहरूलाई बिशेष बरदानहरू दिन उहाँले निर्णय गर्नुभएको छ। येशूका अरू विश्वासीहरूको जीवनलाई आशिष हुनसकोस् र उहाँको चर्च सुनियोजित रूपमा बढोस् भनेर परमेश्वरले हामीहरूलाई ती बरदानहरू दिनुहुन्छ। हामीहरूमा भएका स्वभाविक प्रतिभा अर्थात् दक्षताहरूलाई पनि त्यस कामको निम्ति परमेश्वरले चलाउन सक्नुहुन्छ। तर त्यस दक्षता वा प्रतिभा परमेश्वरबाट आएको हो भनेर त्यस दक्षता वा प्रतिभा भएको मानिसले बुझ्नु पर्दछ। अनि परमेश्वरको महिमा वा कामको निम्ति त्यस मानिसले त्यो दक्षता वा प्रतिभालाई प्रयोग गर्नुपर्छ।

आफ्ना पाठकहरूलाई १ कोरन्थी १२:१४-३१मा पवित्र आत्माबाट आएका बरदानहरूको बारेमा पावलले के भन्दछन्? चर्चको समुन्नत उन्नतिको निम्ति ती बरदानहरू प्रयोग गर्नुपर्छ भनेर बुझ्नुपर्ने सत्य किन महत्त्वपूर्ण छ? हेर्नुहोस्: "१४ शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै। २१ आँखाले हातलाई "मलाई तेरो दरकार छैन" भन्न सक्दैन, र शिरले पनि खुट्टालाई "मलाई तिमीहरूको दरकार छैन" भन्न सक्दैन। २२ बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। २३ शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले

देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, २४ प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, २५ ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। २६ यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्। २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र? ३१ तर अझ उच्च वरदानहरूको उत्कट इच्छा गर। अनि म तिमीहरूलाई झन् उत्तम मार्ग बताउँछु।"

परमेश्वरबाट उपलब्ध गराइएका बरदानहरू हामीहरूलाई पवित्र आत्माले नै दिनुहुन्छ। उहाँको चाहना र बुद्धि अनुसार ती बरदानहरू हामीलाई दिनुहुन्छ। उहाँले हामीहरूलाई प्रेम गर्नुहुन्छ र उहाँको सेवा गर्न हामी कतिको सक्षम् छौं भन्ने बुझ्न उहाँ पौरख वा असाध्ये जान्ने हुनुहुन्छ। त्यसले गर्दा अरूहरूमा भएका बरदानहरूप्रति र तिनीहरूप्रति हामी ईख र डाहा गर्नु आवश्यक छैन (र मसँग त्यस्तो बरदान छैन भनेर खुम्चिएर बस्नुपनि मनासिव देखिन्दैन)। अरूको डाहा गर्नु वा ईख गर्नुको अर्थ हामीहरूलाई दिइएका बरदानहरूप्रति परमेश्वरतर्फ कृतज्ञन अर्थात् धन्यावादी नहुनु हो। हामीमा भएका बरदानहरूलाई आँखा चिम्लने तर अरूको बरदानहरूप्रति डाहा ईख गर्नुको अर्थ परमेश्वरको बुद्धिप्रति हामीले शङ्का गर्नु हो।

तपाईंको चर्चका सदस्यहरूलाई के बरदानहरू परमेश्वरले दिनुभएको छ? विभिन्न मानिसहरूमा बिभिन्न बरदानहरू हुन्छ भन्ने तथ्यले के सन्देश तपाईंले पाउनु सक्नुहुन्छ?

## ३. आत्मिक बरदानहरूको उद्देष्य (रोमी १२:३-८)

देहायका पदहरूमा परमेश्वरले दिनुभएका आत्मिक बरदानहरूको उद्देष्य के हो भनेर कसरी खुलाएका छन्? हेर्नुहोस्: रोमी १२:३-८ " ३

किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढ़ी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्। ४ किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरूको एउटै काम हुँदैन, ५ त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। ६ हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं। अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार, ७ सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, ८ अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उदार-चित्तले, शासन गर्नेले दत्तचित्तसाथ, कृपाको काम गर्नेले खुशीसित।' र एफिसी ४:८-१३ " ८ यसकारण यसो भनिएको छः "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" ९ (अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। १० उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।) ११ अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।'

उहाँलाई सेवा गर्न र उहाँको काम गर्न हामीहरूलाई सहयोग मिलोस् भनेर आत्मिक बरदानहरू परमेश्वरले दिनुहुन्छ भन्ने कुरा स्पष्ट छ। हामीमा आत्मिक बरदान भयो भन्दैमा हामीहरूका पापहरू पखालिन्छ र हामीहरूलाई पवित्र वा शुद्ध बनाइन्छ भन्ने छैन। त्यो काम केवल येशूलेमात्र गर्न सक्नुहुन्छ। आत्मिक बरदान भनेको परमेश्वरले हामीलाई दिनुहुने कुनै चमत्कार गर्ने बरदान वा अरूहरूलाई मख्ख पार्ने अचम्मको काम गरेर देखाउन सक्ने शक्ति होइन। अचम्म वा आश्चर्य काम गर्न वा हामीहरूको भाऊ खोज्न वा हामीहरूको आकाँक्षालाई पूरा गर्न परमेश्वरले आत्मिक बरदानहरू दिनुभएको होइन। कसैको मन नियास्रो छ भने त्यसलाई उपचार गर्न पनि ती बरदानहरू दिइएका हुँदैनन्।

कतिपय समयमा पवित्र आत्माका बरदानहरू हामीहरूको आत्मिक आवश्यकता पूरा गर्न दिएका हुन् भनेर हामी सोच्दछौं। अझ ती बरदानहरू परमेश्वरसँग हिंड्न शक्ति पाउनको निम्ति दिएका हुन भनेर पनि हामी सोच्दछौं। यस प्रकारको सोचाइले येशूको बारेमा भन्दा आत्मिक बरदानहरू भनेको इसाई धर्मको बारेमा हो भन्ने निश्कर्षमा पुऱ्याउँछ। हामीहरूको दिमागमा त्यसले परमेश्वरलाई भन्दा हामीहरूलाई केन्द्रविन्दु बनाउँछ। यद्यपि पवित्र आत्माका बरदानहरूमा हामीहरूको बुझाइ यो हुनुपर्दछ कि ती बरदानहरू परमेश्वरलाई केन्द्रिभूत गर्न दिइएका हुन् हामीहरूको भाऊ बढाउन होइन। परमेश्वरले दिनुभएका बरदानहरू उहाँका धेरै उद्देष्यहरू पूरा गर्नको निम्ति दिएका हुन्। चर्चमा भएका विश्वासीहरूलाई एकत्रित पार्न ती बरदानहरू दिइएका हुन्। चर्चको उत्थानको निम्ति ती बरदानहरू दिएका हुन् (एफिसी ४:१२-१४)। चर्चको हैशियतले परमेश्वरको काम अघि बढाउन ती बरदानहरू हामीहरूलाई सुम्पेका हुन् (एफिसी ४:११,१२)।

हामीहरूलाई खुशी बनाउन वा हामीहरूले सम्मान पाउन वा हामीहरूको भाऊ बढाउन ती बरदानहरू दिएका होइनन्। बरदान पाउनेहरूले अरूहरूलाई सिकाउनुको निम्ति भन्ने ठान्नु पर्दछ (१ पत्रुस ४:१०, १ कोरन्थी १४:१२,२६)। आत्मिक उपलब्धीको निम्ति ती बरदानहरू दिइएका हुन्। विश्वासीहरूको चरित्र र दिमाग तथा सोचाईलाई सुधार गर्दै लान ती बरदानहरू दिएका हुन्। ती बरदानहरू सारा चर्चलाई शिक्षादीक्षा दिनको निम्ति हो। अर्को शब्दमा भन्ने हो भने परमेश्वरका बरदानहरू सबै विश्वासीहरूलाई चर्चमा एक भएर राख्नको निम्ति हो। जब ती बरदानहरू दुरुपयोग हुन्छन् तब त्यो धेरै नराम्रो भएको ठान्नुपर्छ। सर्वसाधारण सबै विश्वासीहरूको बीचमा ती आत्मिक बरदान पाएका मानिसहरूलाई उच्च सम्मान गर्नु गलत हो। यदि त्यसो भयो भने ती व्यक्तिहरूमा चाहिनेभन्दा बेसी ध्यान जानेछ र तिनीहरूको भाऊ आवश्यकभन्दा धेरै ठूलो हुन जान्छ। यसले गर्दा कोही ठूलो कोही सानो हुन जान्छ र विश्वासीहरूको बीचमा न्यायोचित व्यवहार गरिन्दैनन् जसले गर्दा मनमुटाव, झगडा र डाहा बढ्दछ। त्यसले एक आपसमा बिरोध हुन जान्छ र एकदेखि अर्कासँग छुट्टिन पनि जाने प्रवृत्ति बढ्छ।

फेरि कतिपटक त आत्मिक बरदानहरू परमेश्वरले दिनुभएका प्रतिभाहरू र दक्षताहरू हुन् भन्ने सोचाईमा पनि हामी पर्दछौं। हो, आत्मिक बरदानहरूमा प्रतिभा वा दक्षताहरू समावेश भएका हुन्छन्। तर यो कुरा

हामीहरूको मनमा राख्नैपर्दछ कि जब पवित्र आत्माले हामीलाई बरदान दिनुहुन्छ तब ती बरदान अनुसारको सुहाउँदो बिशेष काम गर्न दिएका हुन् (१ पत्रुस ४:१०)। त्यस अर्थमा हामी भन्न सक्छौं कि आत्मिक बरदानहरू परमेश्वरको निम्ति काम गर्न निश्चित दक्षताहरू हुन्। पवित्र आत्माबाट परमेश्वरले हामीहरूलाई ती दक्षताहरू दिनुहुन्छ। चर्चको उत्थानको निम्ति विशेष काम गर्न ती बरदानहरूले हामीलाई तयार पार्दछन्। त्यो लक्ष्यमा पुग्न हामीलाई विभिन्न खालका बरदानहरूको आवश्यकता पर्दछ।

चर्चलाई एकै मनका हुन दिन र एउटै मायाको शुत्रमा बाँधिराख्न ती बरदानहरूको मूल लक्ष्य हो भनेर तपाईंले सोच्नु किन जरुरी छ? विभिन्न बरदान भएका विश्वासीहरू चर्चको उत्थानको निम्ति एक हुन कसरी सिक्ने? चर्चमा भएका बिभिन्न बरदानहरू आशिषको स्रोत हुनुको सट्टा चर्चमा ल्याउने बिभाजन र अलग गर्ने गर्ने चलनबाट हामी कसरी जोगिएर बस्ने? त्यसको लागि हामीले के गर्नुपर्छ?

## ४. त्यसबेलाको निम्ति र अहिलेका निम्ति बरदानहरू (१ कोरन्थी १४:१)

के ती पवित्र आत्माका बरदाहरू केवल नयाँ करारका विश्वासीहरूलाई मात्र दिएका थिए त? ती बरदानहरू अहिले पनि किन उपलब्ध छन्? १ कोरन्थी १४:१को साथमा देहायका पदहरू पढ्नुहोस्ः "त्यसो हुँदा तिमीहरूको तिर्सनाचाहिँ प्रेम नै होस्। तैपनि आत्माका वरदान पाउने ठूलो इच्छा राख। त्यसमा पनि अगमवाणी बोल्ने वरदानका लागि बल गर।", १ कोरन्थी १२:४-११, २७-३१ "४ पवित्र आत्माका वरदानहरू धेरै किसिमका छन् तर वरदान दिने पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ धेरै किसिमले सेवा चाहिँन्छ तर मालिकचाहिँ एउटै हुनुहुन्छ। ६ धेरै किसिमका ईश्वरीय योग्यताहरू छन् तर हरेकलाई यी सब दिने परमेश्वरचाहिँ एउटै हुनुहुन्छ। ७ सबैको भलाइ होस् भनेर हरेक मानिसलाई पवित्र आत्माको काम प्रकट हुन हरेकलाई वरदानहरू दिइएको छ। ८ कसैलाई पवित्र आत्माले नै बुद्धिको वचन दिने वरदान दिनुहुन्छ र उही आत्माले कसैलाई ज्ञानको वचन दिने वरदान दिनुहुन्छ। ९ उही पवित्र आत्माले कसैलाई विशेष विश्वास दिनुहुन्छ र कसैलाई बिरामी निको पार्ने वरदानहरू दिनुहुन्छ। १० कसैलाई चाहिँ अचम्म-अचम्मका काम गर्ने शक्ति दिनुहुन्छ। कसैलाई अगमवाणी बोल्ने (अर्थात् बुझ्ने भाषामा परमेश्वरको तर्फबाट बोल्ने) वरदान, कसैलाई आत्माहरू छुट्याउने वरदान अनि कसैलाई विभिन्न किसिमका अन्य भाषाहरूमा बोल्ने

वरदान त कसैलाई ती भाषाहरूको अर्थ खोल्ने वरदान पवित्र आत्माले नै दिनुहुन्छ। ११ यी सबै उही एउटै पवित्र आत्माका काम हुन्। पवित्र आत्माले आफ्नै इच्छाअनुसार सबैलाई यी बेग्ला-बेग्लै वरदानहरू दिनुहुन्छ।..२७ त्यसैगरी तिमीहरू सबै खीष्टका शरीर हौ। हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले नै मण्डलीमा यसरी राखिदिनुभएको छ– पहिला प्रेरितहरू (प्रेरितहरू), दोस्रो अगमवक्ताहरू, तेस्रो सिकाउने गुरु अनि अचम्मका काम गर्नेहरू, त्यसपछि बिरामी निको पार्ने वरदान पाएकाहरू, अरूलाई सघाउनेहरू, देखरेख गर्नेहरू र विभिन्न भाषा बोल्ने वरदान पाएकाहरू राखिदिनुभएको छ। २९ सबै प्रेरित, सबै अगमवक्ता, सबै सिकाउने गुरु हुँदैनन्। सबैले अचम्मका काम गर्दैनन्। ३० सबैसँग निको पार्ने वरदान हुँदैन। सबैले अन्य भाषामा बोल्दैनन्। सबैले अन्य भाषाको अर्थ खोल्न सक्दैनन्। ३१ तर पवित्र आत्माका सबैभन्दा ठूला वरदानहरू पाउनचाहिँ ठूलो इच्छा राख। म अझ राम्रो बाटोको बारेमा अब तिमीहरूलाई बताउँछु।", रोमी १२:३-८ “३ परमेश्वरले मलाई अनुग्रह देखाउनुभएकोले म तिमीहरू सबैलाई भन्दै छु, आफूलाई ठूलो नठान तर परमेश्वरले दिनुभएको विश्वासको मात्राअनुसार आफू जस्ता छौ, त्यस्तै ठान। ४ हाम्रो शरीरमा धेरै अङ्गहरू भए पनि ती अङ्गहरूका बेग्लाबेग्लै काम छन्। ५ त्यसै गरी हामी धेरै भए पनि खीष्टमा एउटै शरीर हौं र हामी सबै एक-अर्काका अङ्ग हौं। ६ यसकारण परमेश्वरले आफ्नो अनुग्रहले हामीलाई दिनुभएका बेग्लाबेग्लै दानअनुसार उहाँका कामहरू गरौं। परमेश्वरको तर्फबाट बोल्न सक्नेले आफ्नो विश्वासअनुसार उहाँकै तर्फबाट बोलौं। ७ सेवा गर्नेजतिले ठीकसँग सेवा गरौं, परमेश्वरका शिक्षा दिन सक्नेले आफ्नो विश्वासको मात्राअनुसार शिक्षा देओस्। ८ ठीक बाटोमा हिंड्न सल्लाह दिन सक्नेले सल्लाह देओस्। खाँचोमा परेकालाई दिनेले खुल्ला मनले देओस्। काम मिलाउनेले सक्दो चाँडै मिलाइहालोस् र दया देखाउनेले खुसीसाथ दया देखाओस्।" र एफिसी ४:११,१२ “११ उहाँले नै कसैलाई आफ्नो प्रेरित, कसैलाई अगमवक्ता, कसैलाई प्रचारक, कसैलाई मण्डलीको हेर विचार गर्ने र कसैलाई शिक्षक नियुक्त गर्नुभयो। १२ खीष्टका सबै पवित्र जनहरूलाई उहाँको काम गर्न सक्ने बनाउन र उहाँको शरीर मण्डलीको उन्नति गर्नलाई यो नियुक्ती दिनुभयो।"

नयाँ करारमा उल्लेख गरेका आत्मिक बरदानहरू केवल येशूका समयमा र त्यसबेलाका प्रेरितहरूलाई मात्र हुन् भनेर कतिपय इसाईहरूले

सोच्दछन्। तिनीहरूले पवित्र आत्माका बरदानहरू त्यस समयमामात्र सिमित राख्दछन्। बर्तमान चर्चमा ती विशेष आत्मिक बरदानहरू छैन भनेर ती इसाईहरूले तर्क गर्छन्। जब प्रथम् प्रेरितको मृत्यु भयो तब ती बरदानहरू उपलब्ध हुन छोड्यो भनेर तिनीहरूले जिकिर गर्दछन्। १ कोरन्थी १३:१०लाई उदृध गरेर तिनीहरूको दृष्टिकोणलाई समर्थन गर्न खोज्छन्। यसमा पावलले भन्दछन् "१० तर जब पूराचाहिँ आउँछ, अपूरो हराएर जान्छ।" हो, बरदान रोकिन समय आउनेछ। तर त्यो त्यसबेलमा मात्र रोकिन्छ जब उहाँ आउनुहुन्छ। त्यो हो येशूको दोस्रो आगमन।

आत्मिक बरदानहरू चर्चको उत्थानको निम्ति दिइएका हुन् भनेर बाइबलले बताउँछ। "जुन् बरदानहरू पवित्र आत्माले दिन्छ त्यसको चाहना गर" भनेर पावलले भन्दछन् (१ कोरन्थी १४:१)। चर्चको भलाईको निम्ति ती बरदानहरूको आवश्यक छ। परमेश्वरले ती बरदानहरू दिन छोड्नुभयो वा चर्चबाट हटाउनुभयो भन्ने प्रमाण बाइबलमा कहीं पनि लेखिएको छैन। जबसम्म चर्चले आफ्नो काम सिध्याउँदैन तबसम्म ती बरदानहरू यथावत रहन्छन् भन्ने कुरामा विश्वास गर्नु जरुरी छ। त्यो समय जब येशू फेरि आउनुहुने बेलामा हो।

यस पृथ्वीको अन्त्यको समयमा परमेश्वरको काम सकिनेछ। प्रेरितहरूको समयमा भन्दा अझ बढि शक्ति र बलले त्यो काम सकिनेछ। त्यसकारण येशूको दोस्रो आगमनको निम्ति तयार हुन चर्चलाई खटाइएको छ र परमेश्वरले आफ्नो काम सम्पन्न गर्न चर्चका विश्वासीहरूलाई बिना सहयोग छोड्नुहुन्न। तर पवित्र आत्माको बरदानले बाइबललाई कहिलै पनि पाखा लगाउँदैन। तिनीहरूले कहिलै पनि बाइबलको स्थान लिँदैन। बरू तिनीहरू बाइबलको प्रतिज्ञाको भाग हुन् जसले सबै विश्वासीहरूलाई परमेश्वरको काम सम्पन्न गर्न सहयोगको निम्तो दिएको हुन्छ। पवित्र आत्माका बरदानहरू विश्वासीहरूलाई ख्रीष्टको शरीर बन्न सहयोग गर्दछन् र संसारलाई येशूको दोस्रो आगमनको निम्ति तयार पार्दछन्।

पावलले एफिसी ४:११-१३मा उल्लेख गरेका वचनहरू ध्यान दिएर पढ्नुहोस्। यसमा लेखिएको छ "११ उहाँले नै कसैलाई आफ्नो प्रेरित, कसैलाई अगमवक्ता, कसैलाई प्रचारक, कसैलाई मण्डलीको हेर विचार गर्ने र कसैलाई शिक्षक नियुक्त गर्नुभयो। १२ ख्रीष्टका सबै पवित्र जनहरूलाई उहाँको काम गर्न सक्ने बनाउन र उहाँको शरीर मण्डलीको उन्नति गर्नलाई यो नियुक्ती दिनुभयो। १३ यस प्रकार यी वरदानका कामहरूले हामीलाई

विश्वासको एकतामा ल्याउन र परमेश्वरको पुत्रको ज्ञानमा हामीलाई बढाउन मद्दत दिइरहन्छन् र एक दिन हामी परिपक्व बन्नेछौं र ख्रीष्टकै भरिपूर्णताको मात्रामा पुग्नेछौं।" बर्तमान चर्चमा ती बरदानहरूको आवश्यकताको बारेमा ती पदहरूले हामीलाई के भन्द?

## ५. पवित्र आत्मा र ठिकबेठिक छुट्याउने विवेकको बरदान (१ यूहन्ना ४:१-३)

देहायका पदहरू पढ्नुहोस्। ठिकबेठिक वा के गर्नुहुन्छ वा के गर्नुहुन्न भनेर छुट्याउने विवेकको बरदानको जरुरत किन छ भनेर किन भन्दछन्? १ कोरन्थी १२:१० "१० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्टयाउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने।", १ कोरन्थी १४:२९ "अगमवाणी बोल्नेचाहिँ दुई अथवा तीन जना होऊन्, र अरूले तिनीहरूले बोलेको कुरा राम्ररी जाँच गरून्।" र १ यूहन्ना ४:१-३ "१ प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर। किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन्। २ यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौः हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो। ३ येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा "त्यो आउँछ" भन्ने तिमीहरूले सुनेका छौ। अब त्यो यस संसारमा आइसकेको छ।"

चर्चमा सही आत्मिक बरदानहरूको उपस्थिति छ। फेरि त्यसैबखत प्रत्येक आत्मा, सन्देश वा मानविय जोश अर्थात् दक्षतालाई परमेश्वरबाट आएको हो भनेर विश्वास नगर भनेर बाइबलले चेतावनी दिएको छ। बरू कुनै नयाँ सन्देश छ वा सन्देश दिन मानिस छ भने त्यो व्यक्ति वा उसको सन्देश बाइबलसम्मत छ कि छैन भनेर जाँच्नुपर्दछ। तिनीहरूको जीवन र तिनीहरूको सन्देश बाइबलसँग तालमेल हुनुपर्छ। प्रभु येशू र उहाँको महिमालाई उत्थान गर्न वा उहाँको भाऊ बढाउने खालका व्यक्ति र उसको सन्देश हुनुपर्छ। त्यसकारण मानिसमा भएको आत्मा, जोशलाई छुट्याउने दक्षता हुनु आवश्यक छ (१ कोरन्थी १२:१०)। किनभने परमेश्वरबाट आएको हो भनेर देखाउन चाहने सबै थोक परमेश्वरबाट नै आएको हो भन्ने छैन।

दुष्ट आत्मा वा शैतानका मतियारहरूले चर्चलाई तहसनहस पार्न खोज्छन् वा गल्ती बाटोमा लान खोज्छन् भनेर हामीलाई सतर्क गराइएको छ। परमेश्वरको सही वा सत्य बरदानहरूको नक्कल गरि झुठो बरदानहरूले मानिसहरूलाई भुलाउन शैतान खप्पिस छ। ती नक्कली वा झुठो बरदानहरूमा झुठो शिक्षा र झुठो अगमवाणी वा भविष्यवाणीहरू हुनसक्छ। तिनीहरू खास गरेर मानिसहरूलाई सनातन परमेश्वरप्रतिको श्रद्धाबाट हटाउन शैतान र उसका राक्षसी बिरहरूको काम हो। ती दुष्ट आत्माहरूमा मानिसहरूलाई अन्य भाषा वा विभिन्न भाषाहरू बोल्न सक्ने क्षमता र मानिसका रोगहरूलाई समेत निको पार्ने खुबी हुनसक्छन्। ती दुष्ट आत्माहरूले मानिसहरूलाई अनेकौं अलौकिक वा अचम्मका कामहरू गर्ने शक्ति पनि दिनसक्छन्।

आज चर्चमा आत्मिक बरदानहरूको आवश्यकता छ भन्ने यथार्ततालाई धेरैले स्वीकारेका छन्। तर कतिपयले कुनै बरदानहरूको भाऊ बढि देखाएर अरू बरदानहरूलाई ओझेलोमा पारेका छन्। उदाहरणमा तिनीहरूले बिशेष अचम्मका कामहरू (रोग निको पार्ने पनि हुनसक्छ) र चिन्हहरूलाई बढि प्राथमिता दिएका हुन्छन्। अचम्मका कामहरू गर्ने शक्ति, भविष्यवाणीहरू बोल्ने खुबी र अन्य तथा बिभिन्न भाषाहरू बोल्ने बरदानहरूको बारेमा उल्लेख गरेको लगत्तै ठिकबेठिक छुट्याउने आत्मा वा विवेको बरदान पावलले उल्लेख गरेको कारणलाई उल्लेखनीय मान्नुपर्छ (१ कोरन्थी १२:१०)।

सत्य र विश्वासमा चर्च शुद्ध र निष्कलङ्क भएर बसुन् भन्ने परमेश्वरको चाहना हो। झुठा अगमवक्ता वा गुरूहरू पठाएर मानिसहरूलाई गलत दिशातर्फ लैजाने शैतानका छलहरूबाट सुरक्षित गर्न परमेश्वर चाहनुहुन्छ। अनेकौं झुठा अचम्मका कामहरू, चमत्कारहरू र चिन्हहरूद्वारा विश्वासीहरूलाई फसाउने शैतानका धरापहरूबाट परमेश्वरले जोगाउन चाहनुहुन्छ। त्यसकारण परमेश्वरले चर्चलाई ठिकबेठिक छुत्याउन सक्ने बरदान दिनुहुन्छ। परमेश्वरको वचन वा बाइबलको सत्य ज्ञानको आवश्यकता अति खाँचो छ यदि कसैले केही बोल्यो भने उसले परमेश्वरबाट बोलिरहेको होकि वा शैतानको छलमा परेर बोलिरहेको हो भनेर छुट्याउने क्षमता होस्। फेरि विश्वासी भएर परमेश्वरप्रति बफादारी जीवन बिताउँदा पनि कसैले बोलेको कुरा परमेश्वरबाट आएको हो कि होइन भनेर निर्णय गर्न सकिन्छ। तर ठिकबेठिक छुटयाउने बरदान पाउन र व्यवहारमा लागु गर्ने जगको स्रोत बाइबल हो। परमेश्वरको वचनबाट हामीले सबै थोक जाँच्नुपर्छ। ती जाँचबाटमात्रै हामी यो थाहा पाउँछौं कि कसैले केही बोल्यो वा अचम्मका

चमत्कारी कामहरू गऱ्यो भने त्यो परमेश्वरबाट हो कि अर्कैबाट आएको हो भनेर थाहा पाउन सकिन्छ।

"यदि कसैले आफ्नो विश्वास सही छ कि छैन भनेर जाँच्ने मापदण्ड अचम्मका कामहरू गर्न सक्ने भएदेखि परमेश्वरले होइन शैतानले पनि त्यसता अनकौं अचम्मका छलि कामहरू गरेर उसलाई फसाउन सक्छ भनेर उसले ढिलो वा चाँडो थाहा पाउनेछ।...सारा हृदय, सारा दिमाग र सारा आत्मा वा जोशले परमेश्वरलाई खोज्ने अवसरलाई नगुमाउनुहोस्। सत्यलाई प्रेमद्वारा स्वीकार गर्नैपर्छ। यदि गरेनौं भने हामी ती मानिसहरूको पङ्क्तिमा पर्न सक्छौं जो शैतानले ल्याउने अनेकौं अचम्मका कामहरूलाई विश्वास गरेर परमेश्वरबाट नै हो भनेर विश्वास गर्ने हुन्छौं। अन्तिम दिनहरूमा यस्तो काम झन चर्को गरेर घट्नसक्छ। अनेकौं अचम्मका कामहरूको नाउँमा अनौठो कामहरू हुनसक्छन्। तर ती अचम्मका कामहरू झुठा हुन्। तिनीहरू झुठाका पिता, शैतानबाट आएका हुन्। कतिपय मानिसहरू जो शैतानको दुष्ट आत्मा वा बीरहरूको काबुमा रहन्छ तिनीहरूले मानिसहरूलाई आश्चर्य चकित पार्ने अचम्मका कामहरू गर्न सक्छन्।'-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजज्,* ठेली २, पृ. ५२,५३बाट रूपान्तरित।

**उपसंहारः**

थप जानकारीको निम्ति एलेन जी ह्वाइटको *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५११-५१७, ५९९-६०२ सामग्री उपलब्ध भए पढ्नु होला।

कतिपयले यो सोध्छन्, "बाइबलको समयमा भएका अनेकौं आश्चर्यको कामहरू विशेष गरेर मानिसहरूलाई रोग निको पार्ने आश्चर्य काम अहिले देखिन्दैन?" पहिलो,परमेश्वरले गर्नुभएका अचम्म कामहरूका कथाहरू हामी सुनिरहेका हुन्छौं। कतिले त प्रत्यक्ष्यरूपमा देखेका पनि छन्। दोस्रोमा, जब हामीहरू बाइबल पढ्छौं तब अचम्मका कामहरू अहिले पनि र जहिले पनि भइरहेको अनुभूति हामी पाउँछौं। बाइबलमा उल्लेख गरिएका अचम्मका कामहरू पवित्र आत्माको अगुवाईमा लेखिएका हुन्, किनभने प्रारम्भिक चर्चको स्थापना र उत्थानको निम्ति ती विवरणहरू महत्त्वपूर्ण हुन् भनेर लेखकहरूले लेखेका थिए। ती विवरणहरूमा प्रायजसो परमेश्वरले गर्नुभएका अचम्मका कामहरूले विश्वासीहरूमा हौसला बढोस् भनेर लेखिएका थिए। प्रायजसो ती अचम्मका मामिलाहरू त्यसबेला बेलाबखतमा घटेका थिए जुन् अहिले पनि घटिरहेका छन्। कतिपय मानिसहरूलाई परमेश्वरको वचन सिकाएका थिए।

अनि येशूलाई पछ्याउने पवित्र आत्माको आह्वान तिनीहरूले स्वीकारेका थिए। र अन्तमा, एलेन जी ह्वाइटले लेख्छिन्, "येशूले यसरी काम गर्नुहुन्छ। उहाँले सुसमाचार सुनाउनुभयो। उहाँले आश्चर्य कामहरूद्वारा बिरामीहरूलाई निको पार्नुभयो। त्यसरी अहिले हामीहरूले काम गर्न सक्दैनौं भनेर मलाई सिकाइएको छ। किन त? किनभने शैतानले पनि अनेकौं आश्‍चर्य कामहरू गर्न सक्छ। त्यसैकारण परमेश्वरले उहाँका जनहरूलाई फरक तरिकाले शारीरिक चङ्गाईलाई अगाढि बढाउन तोक्नुभएको छ। यो काम परमेश्वरको वचन सिकाउनुपर्नेसँग जोडिएको छ। स्वास्थ्य संस्थाहरूको निर्माण गर्नुपर्छ। येशूभक्त कर्मचारीहरूलाई नियुक्त गरेर सही स्वास्थ मिसिनेरी वा स्वास्थकर्मीहरूले बिरामीहरूलाई निको पार्न र तिनीहरूको कामद्वारा ख्रीष्टको प्रेम देखाई मानिसहरूको मन येशूतिर फर्काउन अग्रसर हुनुपर्छ। यो तरिका अपनायो भने स्वास्थ्य संस्थाहरूमा उपचारको निम्ति आउनेहरूलाई परमेश्वरले सुरक्षित राख्नुहुनेछ।'-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक २, पृ. ५४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. पवित्र आत्माको फल र पवित्र आत्माको बरदानहरूको बीचमा के फरक छन्?

आ. प्रेमिलो र बुद्धिमानी परमेश्वरले बरदानहरू दिनुहुन्छ भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। यो सत्य आत्मज्ञानलाई थाहा पाएर हामीहरूको चर्चमा भएका विभिन्न बरदानहरूको सराहना किन गर्नुपर्छ?

इ. सत्य के हो भनेर थाहा पाउन आश्चर्य कामहरूमा भर परेर किन सुरक्षित हुइदैन? तिनीहरूको साथमा अरू के हुनुपर्छ?

ई. "परमेश्वरको अनुग्रह मलाई दिइएको छ। तिमीहरू सबैलाई यो भन्न चाहन्छु। तिमीहरू आफूलाई आफू को हो त्यो भन्दा ठूलो ठान्न नखोज। आफ्नो बारेमा सोच्दा उचित ढँगले सोच। तिमीहरू प्रत्येकलाई परमेश्वरले दिनुभएको विश्वासलाई मनमा राखी छोड।" (रोमी १२:३ रूपान्तरित)। यहाँ पावलले के महत्त्वपूर्ण सल्लाह हामीलाई दिएका छन्? अरूको अगाडि आफ्नो भाऊ खोज्नु उचित हुँदैन।